# पाठ्यक्रम गतिविधि

## अर्धवार्षिक बुलेटिन

२०८१ पुस | वर्ष २६ | अङ्क १

## सम्पादकीय

*विद्यालय तहका पाठ्यक्रम, पाठ्यपुस्तक तथ पाठ्यसामग्री विकास गर्ने प्रमुख जिम्मेवारी रहेको पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ र राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट पारित नीतिका अधीनमा रही कार्य सम्पादन गर्ने गर्दछ। आफ्नो कार्यसम्पादनका सिलसिलामा केन्द्रले विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । शैक्षिक वर्ष २०८० देखि विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले आफ्नो कार्यान्वयन चक्र पूरा गर्न सफल भएको छ । शैक्षिक वर्ष २०८१ बाट विद्यालय तहका कक्षा ५, ८ र १० का अनिवार्य विषयका शिक्षक निर्देशिकासमेत विकास भई पाठ्यक्रम तथा पाठ्यपुस्तकको कार्यान्वयनमा सहजता थपेको छ । विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यपुस्तकलगायतका सामग्रीको सफल कार्यान्वयनको लागि पाठ्यक्रम तथ पाठ्यपुस्तक प्रबोधीकरण कार्यलाई निरन्तरता दिँदै आएको छ । केन्द्रले गरेको यिनै कार्यहरूलाई सरोकारवालाहरूसमक्ष सुसूचित गर्न यो बुलेटिन प्रकाशन गरेको हो । यस अङ्कमा २०८१ श्रावणदेखि पुससम्म सम्पन्न भएका केन्द्रका मुख्य मुख्य गतिविधि, कार्यक्रम तथा केन्द्रका समसामयिक विषयहरूका सूचना समावेश गरिएका छन् । राष्ट्रको आमूल परिवर्तनका लागि बालबालिकाले प्राप्त गर्ने शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू व्यावहारिक, समसामयिक, गुणस्तरीय, जीवनोपयोगी र सान्दर्भिक हुनुपर्छ । यसको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबै पक्षको निरन्तर सकारात्मक सोच र रचनात्मक पहल आवश्यक हुन्छ। तसर्थ केन्द्र पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीलाई आगामी दिनमा थप व्यावहारिक, समसामयिक, गुणस्तरीय, जीवनोपयोगी र सान्दर्भिक बनाउनका लागि सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग, सुझाव तथा सहकार्यको अपेक्षा गर्दछ ।*

## यसभित्र

१. केन्द्रबाट साउनदेखि पुस महिनामा सम्पादित कार्य

२. शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम

३. राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् को ९४ औं बैठकका निर्णयहरू

४. आ.व. ०८०।०८१ मा पेस भई आ.व. ०८१।०८२ को अर्धवार्षिक अवधिमा स्वीकृति दिइएका डिजिटल सिकाइ सहयोग सामग्रीहरूको सूची

५. शैक्षिक वर्ष २०८१ का लागि कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाइ तथा वितरणका लागि सूचीकृत मुद्रक तथा वितरकको विवरण

६. मान्यता तथा समकक्षतासम्बन्धी कार्य

७. प्राविधिक धारतर्फका पाठ्यक्रम तथा सिकाइ सामग्री विकास

८. संस्कृततर्फका पाठ्यक्रम तथा पाठ्यसामग्री

९. मातृभाषातर्फका सामग्री

१०.घरायसी कामलाई सिकाइको अभिन्न अङ्ग बनाउने र सोको मूल्याङ्कनसम्बन्धी व्यवस्था परिचय

पाठ्यपुस्तकलाई विद्यालयमा प्रयोग हुने मुख्य सामग्रीका रूपमा लिइन्छ । यस केन्द्रबाट विकसित पाठ्यपुस्तकलाई त्रुटिरहित बनाउने प्रयास गरिएको छ तापनि तिनमा विषयवस्तु भाषा प्रस्तुतीकरणलगायतका पक्षमा त्रुटि हुन सक्छन् । तिनलाई खुट्याई यस केन्द्रमा प्रतिक्रिया पठाइदिन सम्बद्ध विद्यार्थी, शिक्षक र सरोकारवालामा अनुरोध छ ।

- पाठ्यक्रम विकास केन्द्र

## १. केन्द्रबाट साउनदेखि पुस महिनामा सम्पादित कार्य

- माध्यमिक तह कक्षा ९ को कम्प्युटर विज्ञान विषयको पाठ्यपुस्तक विकास भएको
- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम अद्यावधिक गरिएको
- श्रवण दृष्टिविहीन बालबालिकाका लागि पाठ्यक्रमको अनुकूलन (कक्षा १-३) कार्य गरिएको
- कक्षा ४-१२ सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयको पाठ्यक्रम पुनरावलोकन कार्य गरिएको
- माध्यमिक शिक्षा प्राविधिक धारअन्तर्गत कक्षा ९ र १० का बाली विज्ञान, पशुविज्ञान, सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङका सिकाइ स्रोत सामग्री विकास भएका
- प्राविधिक तथा व्यावसायिक धारको आन्तरिक मूल्याङ्कन मापदण्ड विकास गरिएको
- आधारभूत तह कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रमको मूल्याङ्कन मार्गदर्शन विकास गरिएको
- दृष्टि अपाङ्गता भएका विद्यार्थीका लागि गणित तथा विज्ञान विषयको सिकाइ, सहजीकरण र मूल्याङ्कनसम्बन्धी अनुसन्धान कार्यको लागि आशयपत्र आह्वानको सूचना प्रकाशन भई आवश्यक कार्य प्रक्रिया अघि बढेको
- अन्य देशको पाठ्यक्रमसँग नेपालको विद्यालय शिक्षाको पाठ्यक्रमको तुलनात्मक अध्ययनको परामर्श सेवाका लागि आशयपत्र आह्वानको सूचना आह्वान भई आवश्यक कार्य प्रक्रिया अघि बढेको
- कक्षा ११ र १२ तथा स्नातक तहको पाठ्यक्रम तादाम्यता र सुधारका उपायहरू शीर्षकमा अध्ययन विश्लेषण गर्न परामर्श सेवाका आशयपत्र आह्वानको सूचना आह्वान भई आवश्यक कार्य प्रक्रिया अघि बढेको
- विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण, विकास, पुनरवलोकन तथा कार्यान्वयनका सन्दर्भमा शिक्षासम्बद्ध सरोकारवालाहरूमा रहेका जिज्ञासालाई सम्बोधन गर्न तथा यससम्बन्धी विकास भएका नवीनतम खोज, अध्ययन, अनुसन्धान र प्रयोगबारे सरोकारवालाको क्षमता विकास समेत गर्ने अभिप्रायले अनलाइन अन्तरक्रियात्मक ढाँचामा शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम पाक्षिक रूपमा सञ्चालन भइरहेको
- बृहत् सहभागिता र समावेशितालाई पाठ्यक्रम तथा पाठ्यसामग्री विकासको आधारको रूपमा संस्थागत गर्न खुला छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको
- गणित विषयमा खुला प्रश्न राख्नका लागि विशिष्टीकरण तालिका अद्यावधिक गर्ने जस्ता सिर्जनात्मक कार्यलाई वैधता प्रदान गर्न विज्ञ तथा सरोकारवालाबाट पृष्ठपोषण सङ्कलन गरिएको
- मदरसातर्फ कक्षा ९ को दिनयात, उर्दु र अरेबिक विषयको पाठ्यपुस्तक विकास भएको
- निजी प्रकाशकद्वारा विकसित विद्यालय तहका थप पाठ्यसामग्री र डिजिटल पाठ्यसामग्री मूल्याङ्कन तथा स्वीकृत गरिएको
- पाठ्यक्रम तथा पाठ्यपुस्तकको गुणस्तर सुधारका लागि सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी पाठ्यक्रम विकास केन्द्रले निर्वाह गर्नुपर्ने भूमिकाबारे शिक्षाविद्, प्राज्ञ, राजीनितज्ञलगायत सरोकारवालाहरूबाट पृष्ठपोषण सङ्कलन गरिएको
- सूचना प्रविधिसम्बन्धी आन्तरिक प्रणालीको व्यवस्थापन (इन्टरनेट, टेलिफोन, इन्भर्टर लाइन वायरिङलगायतको नेटवर्किङ व्यवस्थापन) कार्य सम्पन्न भएको
- डिजिटल चित्रकला प्रतियोगिता सञ्चालनसम्बन्धी कार्यविधि २०८१ स्वीकृत भएको
- शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ स्वीकृत भएको
- पाठ्यसामग्री मूल्याङ्कनको आधार, २०८१ स्वीकृत भएको
- स्थानीय पाठ्यक्रम सङ्कलन, अध्ययन र सुधारका लागि सुझाव तथा पृष्ठपोषण प्रदान गरिएको
- गुनासो सुनुवाई र व्यवस्थापन
- अभिलेख व्यवस्थापन र प्रतिवेदन

## २. शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम

शिक्षक पाठ्यक्रम कार्यान्वयनका संवाहक हुन् । उनीहरूलाई पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण, विकास, परिमार्जन र कार्यान्वयनलाई प्रभावकारी र गुणस्तरीय बनाई कार्यान्वयनमा क्रममा देखा परेका समस्या पहिचान गरी समयमा नै समाधान गर्नका लागि सक्षम बनाउनु अत्यावश्यक हुन्छ । मुलुकभर विद्यार्थी सिकाइ स्तरमा एकरूपता ल्याउने, प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षकको क्षमता विकास गर्ने र विद्यार्थीको सिकाइ स्तरमा वृद्धि गर्न शिक्षक तथा शिक्षासम्बद्ध सरोकारवालाहरूसँग निरन्तर सघन छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नु सान्दर्भिक हुन्छ । यसको अलावा अन्तर्राष्ट्रिय मानकअनुसारको गुणस्तरीय सिकाइ उपलब्धि हासिल गर्न तथा विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण, कार्यान्वयन र मूल्याङ्कन गरी सामयिक परिमार्जन गर्नका लागि सरोकारवालाहरूको बृहत सहभागिता, जवाफदेहिता र अपनत्वभाव सुनिश्चित गर्नका निमित्त चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम सञ्चालन गरिएको हो । प्रस्तुत कार्यक्रम सञ्चालनका लागि मिति २०८१/०६/१८ को माननीय मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ अनुसार कार्यक्रम सञ्चालन भइरहेको छ ।

### कार्यक्रमको उद्देश्य

शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रमको उद्देश्य निम्नानुसार रहेका छन् :

(क) पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गरी विद्यार्थी सिकाइको गुणस्तरमा एकरूपता र सान्दर्भिकता अभिवृद्धि गर्ने

(ख) शिक्षण सिकाइका क्षेत्रमा विकास भएका नवीनतम खोज, अनुसन्धान, प्रविधि र प्रयोगबारे शिक्षकलाई प्राविधिक सहायता प्रदान गरी शिक्षण विधि र सिकाइमा सुधार ल्याउने

(ग) पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कनसम्बन्धी सरोकारवालाहरूका जिज्ञासा सम्बोधन गर्ने

(घ) सम्बन्धित सरोकारवालाहरुबाट पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यार्थी मूल्याङ्कनलगायतका विषयमा सुझाव तथा पृष्ठपोषण प्राप्त गर्ने

(ङ) अन्तरराष्ट्रिय स्तरको मानकबमोजिमको सिकाइ उपलब्धि हासिल गरी मुलुकभरको सिकाइ उपलब्धि वृद्धि गरी सिकाइ स्तरमा समानता कायम गर्ने

### कार्यक्रम सञ्चालनको विधि तथा प्रक्रिया

शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रमको विधि तथा प्रक्रिया निम्नानुसार रहेको छ :

- निर्देशिका विकास र स्वीकृत गर्ने
- निर्देशक समितिको बैठकबाट कार्यक्रम सञ्चालन सम्बन्धमा मार्गदर्शन प्राप्त गर्ने
- कार्यक्रम सञ्चालनपूर्व तोकिएको ढाँचामा जिज्ञासा पठाउनका लागि सूचना सम्प्रेषण गर्ने
- जिज्ञासा सङ्कलन गरी क्लस्टरिङ गर्ने
- कार्यक्रम कार्यान्वयन योजना निर्माण गरी केन्द्रबाट स्वीकृत गर्ने
- सहजकर्ता/विज्ञलाई सङ्कलित जिज्ञासा पठाउने र आवश्यक प्रविधिक तयारी गर्ने
- सम्बन्धित विज्ञबाट अनलाइन अन्तरक्रियामक सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने
- प्राप्त पृष्ठपोषणका आधारमा पाठ्यक्रम तथा पाठ्यसामग्रीमा आवश्यक परिमार्जन गर्ने
- आवश्यकताअनुसार स्थलगत रूपमा अन्तरक्रिया र छलफल कार्यक्रम सञ्चालन गर्ने
- निर्देशक समितिबाट कार्यक्रमको समीक्षा गरी प्राप्त सुझाव र मार्गनिर्देशनको कार्यान्वयन गर्ने
- कार्यक्रमको अभिलेख व्यवस्थापन गर्ने र वार्षिक प्रतिवेदन तयार गरी पेस गर्ने

**शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा ४ उपदफा (१) मा गरिएको निर्देशक समितिको विवरण यसप्रकार रहेको छ :**

| | |
|---|---|
| (क) सचिव (शिक्षा) मन्त्रालय | -संयोजक |
| (ख) सहसचिव, विद्यालय शिक्षा महाशाखा, मन्त्रालय | -सदस्य |
| (ग) महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | -सदस्य |
| (घ) महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र | -सदस्य |
| (ङ) अध्यक्ष, नेपाल शिक्षक महासङ्घ | -सदस्य |
| (च) निर्देशक, समन्वय तथा प्रकाशन शाखा, केन्द्र | -सदस्य सचिव |

**शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा ७ उपदफा (१) मा गरिएको कार्यक्रम कार्यान्वयन समिति विवरण यसप्रकार छ :**

| | |
|---|---|
| (क) महानिर्देशक, केन्द्र | -संयोजक |
| (ख) उपमहानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | -सदस्य |
| (ग) निर्देशक, समन्वय तथा प्रकाशन शाखा, केन्द्र | -सदस्य |
| (घ) निर्देशक, योजना तथा कार्यक्रम शाखा, केन्द्र | -सदस्य |
| (ङ) केन्द्रको समन्वय तथा प्रकाशन शाखाको शाखा अधिकृत | -सदस्य सचिव |

## अपेक्षित परिणाम

शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित परिणामलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छः

(क) विद्यालय तहको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री तथा साथै विद्यार्थी मूल्याङ्कन क्रियाकलापको प्रभावकारी कार्यान्वयन र शिक्षक क्षमता विकास

(ख) मुलुकभरका विद्यार्थीहरूको सिकाइ स्तरमा एकरूपता कायम तथा सिकाइ उपलब्धिमा वृद्धि

(ग) गुणस्तरीय शिक्षण सिकाइको सुनिश्चितता

(घ) पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण, विकास तथा अद्यावधिक कार्यमा सरोकारवालाहरूको वृहत सहभागिता, जवाफदेहिता र अपनत्वभावको विकास

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ कार्यान्वयनको सन्दर्भमा यसको मर्मअनुसार विद्यालय तहको पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन तथा सामयिक विकास र परिमार्जन गर्न, शिक्षक क्षमता विकासलाई व्यापक बनाउन, सिकाइ स्तरमा एकरुपता कायम गर्न, विद्यालय तहको शिक्षालाई समाज, राष्ट्र र अन्तरराष्ट्रिय परिवेशअनुकूल बनाउनका लागि शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रम सञ्चालन एक कोसेढुङ्गा हुन सक्ने विषयमा मतैक्यता रहन्न भन्ने विश्वास गरिएको छ ।

# ३. राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्‌को ९४ औं बैठकका निर्णयहरू

- पाठ्यक्रम विकास केन्द्रबाट विकास भएको मातृभाषातर्फ आधारभूत तह कक्षा (६-८) को चाम्लिङ भाषाको पाठ्यक्रम स्वीकृतिका लागि सिफारिस भएको
- पाठ्यक्रम विकास केन्द्रबाट विकास भएको माध्यमिक तह कक्षा (९-१०) को इतिहास र वातावरण विज्ञानको पाठ्यक्रम सम्बन्धमा प्राप्त भएका सुझाव समावेश गरी स्वीकृतिका लागि सिफारिस भएको
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६, अनुसार माध्यमिक तह कक्षा (९-१०) मा हाल कार्यान्वयनमा रहको ऐच्छिक पहिलो समूहमा रहेका २७ भाषाहरूमध्ये नेपालमा बोलिने भाषाहरूको छुट्टै समूह बनाउने र तीन समूहमध्ये कुनै दुई समूहबाट एक एक ओटा विषय छनोट गर्न पाउने व्यवस्था गर्ने निर्णय भएको
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार माध्यमिक तह कक्षा (११- १२) मा ऐच्छिक तेस्रो समूहमा रहेको १४ भाषाहरूमध्ये नेपालमा बोलिने भाषाहरुको छुट्टै समूह बनाउने र पाँच समूहमध्येबाट कुनै तीन विषय लिन पाउने व्यवस्था गर्ने निर्णय भएको
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार माध्यमिक तह कक्षा (११-१२) को ऐच्छिक दोस्रो समूहमा रहेको जनसङ्ख्या अध्ययनलाई ऐच्छिक तेस्रो समूहमा र तेस्रो समूहमा रहेको Gerontology and Care Taking Education विषयलाई दोस्रो समूहमा राख्ने निर्णय भएको
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को माध्यमिक तह कक्षा (११-१२) अन्तर्गत चौथो समूहमा रहने गरी पाठ्यक्रम र मूल्याङ्कन विषयको पाठ्यक्रम तयार गरी पेस गर्न पाठ्यक्रम विकास केन्द्रलाई निर्देशन दिने निर्णय भएको
- कक्षा (१-३) को ५ पाठ्यघण्टाको मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप र कक्षा (४-५) को ४ पाठ्यघण्टाको मातृभाषा/स्थानीय विषयमध्ये स्थानीय आवश्यकता तथा उपलब्ध स्रोत साधनको आधारमा कुनै एक वा पाठ्यघण्टा विभाजन गरी दुवै विषयको पठनपाठन गराउन सकिने निर्णय भएको
- घरायसी एवम दैनिक जीवनका कार्यलाई आधारभूत तह कक्षा (६-८) तथा माध्यमिक तह कक्षा (९-१०) को आन्तरिक मूल्याङ्कनमा समावेश गर्न पाठ्यक्रम विकास केन्द्रलाई सैद्धान्तिक सहमति दिने निर्णय भएको
- माध्यमिक तह कक्षा (९ -१०) मा ४ पाठ्यघण्टा (क्रेडिट) को एक विषय व्यावसायिक तथा उद्यमशीलता शिक्षा अतिरिक्त विषयको रूपमा राखी मूल्याङ्कन शतप्रतिशत आन्तरिक मूल्याङ्कन हुने र यो विषयको पाठ्यक्रम स्थानीय तहले आवश्यकताअनुसार विकास गरी लागु गर्ने सम्बन्धमा आवश्यक छलफल तथा अध्ययन गर्ने निर्णय भएको
- माध्यमिक तह कक्षा (११-१२) मा हाल ५ पाठ्यघण्टाको १ अतिरिक्त विषय रहेकामा १ विषय थप गरी २ विषय (प्रतिविषय ५ क्रेडिट) अतिरिक्त विषयको रूपमा विद्यार्थीले अध्ययन गर्ने सम्बन्धमा आवश्यक छलफल तथा अध्ययन गर्ने निर्णय भएको

## ४. आ.व. ०८०।०८१ मा पेस भई आ.व. ०८१।०८२ को अर्धवार्षिक अवधिमा स्वीकृति दिइएका डिजिटल सिकाइ सहयोग सामग्रीहरूको सूची

| क्र.स. | पाठ्यसामग्रीको नाम | कक्षा | निर्माताको नाम /ठेगाना |
|---|---|---|---|
| १ | विज्ञान तथा प्रविधि | ४ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि.,, काठमाडौँ |
| २ | विज्ञान तथा प्रविधि | ५ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| ३ | विज्ञान तथा प्रविधि | ६ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| ४ | विज्ञान तथा प्रविधि | ७ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| ५ | विज्ञान तथा प्रविधि | ८ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| ६ | विज्ञान तथा प्रविधि | ९ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| ७ | विज्ञान तथा प्रविधि | १० | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| ८ | गणित | १ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| ९ | गणित | २ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| १० | गणित | ५ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| ११ | गणित | ६ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| १२ | गणित | ७ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| १३ | गणित | ८ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| १४ | गणित | ९ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| १५ | गणित | १० | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| १६ | ऐच्छिक गणित | ९ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| १७ | ऐच्छिक गणित | १० | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| १८ | कार्यालय व्यवस्थापन तथा लेखा | ९ | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| १९ | कार्यालय व्यवस्थापन तथा लेखा | १० | एस्ट्रिक टेक्नोलोजी प्रा. लि., काठमाडौँ |
| २० | प्रारम्भिक बालसखा | ECD | क्रियटिभ एडुटेन्मेन्ट वल्ड प्रा. लि., काठमाडौँ |
| २१ | नेपाली | ८ | कथा नेपाल प्रा. लि., ललितपुर |
| २२ | गणित | ४ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |
| २३ | गणित | ५ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |
| २४ | गणित | ६ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |
| २५ | गणित | ७ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |
| २६ | गणित | ८ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |
| २७ | गणित | ९ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |

| | | | |
|---|---|---|---|
| २८ | विज्ञान तथा प्रविधि | ४ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |
| २९ | विज्ञान तथा प्रविधि | ५ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |
| ३० | विज्ञान तथा प्रविधि | ६ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |
| ३१ | विज्ञान तथा प्रविधि | ७ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |
| ३२ | विज्ञान तथा प्रविधि | ८ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |
| ३३ | विज्ञान तथा प्रविधि | ९ | म्याक्स कनेक्ट प्रा. लि., ललितपुर |
| ३४ | हाम्रो सेरोफेरो | १ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ३५ | हाम्रो सेरोफेरो | २ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ३६ | हाम्रो सेरोफेरो | ३ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ३७ | Mathematics | १ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ३८ | Mathematics | २ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ३९ | Mathematics | ३ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ४० | Mathematics | ४ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ४१ | Mathematics | ५ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ४२ | Mathematics | ६ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ४३ | Mathematics | ७ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ४४ | Mathematics | ८ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ४५ | Mathematics | ९ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ४६ | Mathematics | १० | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ४७ | Science and Technology | ४ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ४८ | Science and Technology | ५ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ४९ | Science and Technology | ६ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ५० | Science and Technology | ७ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ५१ | Science and Technology | ८ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ५२ | Science and Technology | ९ | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ५३ | Science and Technology | १० | मिदास एजुकेसन प्रा. लि., ललितपुर |
| ५४ | Conceptual Science and Technology | ५ | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |
| ५५ | Conceptual Science and Technology | ६ | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |
| ५६ | Conceptual Science and Technology | ८ | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |
| ५७ | Conceptual Science and Technology | १० | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |
| ५८ | School Mathematics | ५ | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |

| | | | |
|---|---|---|---|
| ५९ | School Mathematics | ६ | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |
| ६० | School Mathematics | ८ | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |
| ६१ | School Mathematics | १० | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |
| ६२ | हाम्रो सेरोफेरो | १ | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |
| ६३ | हाम्रो सेरोफेरो | २ | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |
| ६४ | हाम्रो सेरोफेरो | ३ | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |
| ६५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ८ | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |
| ६६ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | १० | निमा एजुकेसन फाउन्डेसन, काठमाडौँ |

## ५. शैक्षिक वर्ष २०८१ का लागि कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाइ तथा वितरणका लागि सूचीकृत मुद्रक तथा वितरकको विवरण

पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ बमोजिम शैक्षिक सत्र २०८२ का लागि देशभरका विद्यालयमा कक्षा १, २ र ४ का चार रङका पाठ्यपुस्तक र अन्य पाठ्यसामग्री छपाइ गरी बिक्री वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूलाई आफ्नो प्रोफाइलसहित नवीकरण तथा सूचीकरणका लागि प्रस्ताव पेस गर्न यस केन्द्रबाट मिति २०८१।०७।०६ गते सूचना प्रकाशित गरिएअनुसार तोकिएको म्यादभित्र रितपूर्वक नवीकरण सूचीकरणका लागि प्रस्ताव पेस गरेका, तोकिएको मापदण्ड पूरा गरेका देहायबमोजिमका फर्म संस्थाहरूलाई निर्देशिकाको परिच्छेद ११ को दफा ३४ बमोजिम गठित मुद्रक तथा वितरक सूचीकरण सिफारिस समितिले गरेको सिफारिसबमोजिम सोही निर्देशिकाको दफा ३५(१) बमोजिम यस केन्द्रको मिति २०८१।०८।२६ गतेको निर्णयानुसार नवीकरण/सूचीकरण गरिएको छ ।

### नवीकरणका लागि सिफारिस गरिएका फर्म/संस्थाहरू

| क्र.स. | फर्म/कम्पनीको नाम | ठेगाना |
|---|---|---|
| १. | सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि. | डुङ्गे अड्डा , काठमाडौँ |
| २. | जगदम्बा पब्लिकेसन प्रा.लि. | भिमदत्त न.पा., कञ्चनपुर |
| ३. | सहयात्रा प्रिन्टर्स एन्ड पब्लिसर्स प्रा.लि. | विराटनगर, मोरङ |
| ४. | हंसवाहिनी प्रिन्टर्स एन्ड पब्लिकेसन प्रा.लि. | विराटनगर, मोरङ |
| ५. | लोकेन्द्र प्रिन्टिङ एन्ड पब्लिकेसन प्रा.लि. | धनगढी, कैलाली |
| ६. | एक्सप्रेस कलर प्रेस कम्पनी प्रा.लि. | शङ्खमूल, काठमाडौँ |
| ७. | चिरायु प्रेस एन्ड पब्लिसिङ प्रा.लि.. | चाँगुनारायण, भक्तपुर |

### सूचीकरणका लागि सिफारिस गरिएका फर्म/संस्थाहरू

| क्र.स. | फर्म/कम्पनीको नाम | ठेगाना |
|---|---|---|
| १. | त्रियुगा अफसेट प्रेस | चन्द्रागिरी न.पा. काठमाडौं |

## ६. मान्यता तथा समकक्षतासम्बन्धी कार्य

- माध्यमिक तह (कक्षा १० र १२) को मान्यता तथा समकक्षता सेवा पूर्ण रूपमा अनलाइन माध्यमबाट सञ्चालन भएको
- साउनदेखि पुससम्म मान्यता तथा समकक्षता प्राप्त गर्ने व्यक्तिको विवरण देहायअनुसार रहेको

| सि.नं. | महिना | सङ्ख्या |
|---|---|---|
| १. | २०८१ साउन | ८७७ |
| २. | २०८१ भदौ | ५७८ |
| ३. | २०८१ असोज | ४०३ |
| ४. | २०८१ कात्तिक | ४६२ |
| ५. | २०८१ मङ्सिर | ५७५ |
| ६. | २०८१ पुस | ५८२ |
| | जम्मा | ३४७७ |

## ७. प्राविधिक धारतर्फका पाठ्यक्रम तथा सिकाइ सामग्री विकास

- माध्यमिक शिक्षा प्राविधिक धारअन्तर्गत कक्षा ९ र १० का बाली विज्ञान, पशुविज्ञान, सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङका सिकाइ स्रोत सामग्री विकास भएको
- प्राविधिक तथा व्यावसायिक धारको आन्तरिक मूल्याङ्कन मापदण्ड विकास गरिएको

## ८. संस्कृततर्फका पाठ्यक्रम तथा पाठ्यसामग्री

- कक्षा १० योग, आयुर्वेद र नीतिशास्त्र विषयको पाठ्यपुस्तक विकासका लागि कार्यदलबाट मस्यौदा लेखन कार्य भइरहेको
- कक्षा १० को नीतिशास्त्र विषयको दुई पाठको अभ्यास लेखन कार्य भएको
- कक्षा ९ का संस्कृत रचना, न्याय, प्राकृतिक चिकित्सा र इतिहास पुराण पाठ्यपुस्तक विकासका लागि कार्यदलबाट मस्यौदा लेखन कार्य भइरहेको

## ९. मातृभाषातर्फका पाठ्यक्रम तथा पाठ्यसामग्री

- मातृभाषाको पाठ्यपुस्तक विकास (कक्षा ६ वान्तवा राई, कक्षा ७ मगर-ढुट, कक्षा ७ चाम्लिङ राई, कक्षा ७ नेपालभाषा, कक्षा ८ अवधी ) मस्यौदा विकास भइरहेको

## १०. घरायसी कामलाई सिकाइको अभिन्न अङ्ग बनाउने र सोको मूल्याङ्कनसम्बन्धी व्यवस्था

### परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा उल्लेख भएका शिक्षाका राष्ट्रिय उद्देश्य पूरा गर्न सैद्धान्तिक सिकाइले मात्र सम्भव नहुने, सिकेका कुरा व्यवहारमा प्रयोग गर्ने विभिन्न थलोमध्ये घर तथा समुदाय समेत भएकाले विद्यार्थीलाई श्रमप्रति सम्मान, उत्सुकता, सिप विकास गरी स्वावलम्बी बनाउन घर वा समुदायमा समेत विद्यर्थीले इच्छित कार्य गरेवापत सिकाइको मूल्याङ्कन गर्दा ती कार्यलाई अङ्क प्रदान गर्ने व्यवस्था गरिएको छ । कक्षाकोठाको शिक्षण सिकाइलाई घरायसी कार्यसँग जोड्न र घरायसी कार्यबाट भएको सिकाइलाई कक्षाकोठाको सिकाइसँग जोड्न मूल्याङ्कनमा घरायसी कामको व्यवस्था गरिएको छ । कक्षा ४ देखि ८ सम्म आन्तरिक मूल्याङ्कन ५० प्रतिशत रहेको छ । सो ५० प्रतिशत आन्तरिक मूल्याङ्कनको भारअन्तर्गत र कक्षा ९ देखि १२ सम्ममा आन्तरिक मूल्याङ्कनको २५ प्रतिशत भारअन्तर्गत घरायसी र सामुदायिक कार्य गरेवापत अङ्क प्रदान गर्ने गरी व्यवस्था गरिएको छ।

### उद्देश्य

यस काययक्रमका मुख्य उद्देश्य यस प्रकार रहेका छन् :

- कक्षाकोठा शिक्षणलाई व्यवहारसँग जोडन
- श्रमप्रति सकारात्मक भावना जागृत गराउन
- घर र विद्यालयमा विद्यार्थीले गरेका सकारात्मक अपेक्षित व्यवहारहरूलाई मान्यता दिन
- अभिभावकलाई आफ्नो बालबालिकाको उपलब्धि मूल्याङ्कनमा संलग्न गराउन
- समुदाय, विद्यालय, विद्यार्थी र शिक्षक सबैको सहकार्यबाट व्यावहारिक शिक्षाको अवसर वृद्धि गर्न
- परम्परागत सिप, सांस्कृतिक अभ्यास र मान्यताको प्रवर्धन, व्यावहारिक व्याख्या र उत्थान गर्न
- सामाजिक सेवामा विद्यार्थीहरूको संलग्नता बढाउन

### घरायसी कामका लागि विभाजन गरिएको अङ्कभार

विषयगत रूपमा प्रदान गरिने अङ्कभार तालिकामा दिइएको छ :

| क्र.स. | विषय | कक्षा | अङ्क | समय(घण्टा) |
|---|---|---|---|---|
| १. | गणित | ६,७ र ८ | ८ | २० |
| २. | विज्ञान | ६,७ र ८ | ८ | २० |
| ३. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ६,७ र ८ | ८ | २० |
| ४. | गणित | ९ र १० | ४ | २० |
| ५. | विज्ञान | ९ र १० | ४ | २० |
| ६. | सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा | ९ र १० | ४ | २० |

उपरोक्त अङ्कभार परियोजना कार्यवापत छुट्याएको भारलाई परियोजना कार्य (क) र परियोजना कार्य (ख) घरायसी कार्य गरी परियोजना कार्य (ख) अन्तर्गत मूल्याङ्कन हुने व्यवस्था गरिएको छ ।

## उदाहरण

गणितमा प्रयोग हुने घरायसी कार्यमध्ये प्रयोगात्मक कार्य र परियोजना कार्यहरूमध्ये परिवारको किनमेलमा सहभागी भएको, कृषि कार्यमा सहभागी भएको, घरायसी हर हिसाब राख्नमा सहयोग गरेको, बैङ्क तथा वित्तीय संस्थामा कारोबार गरेको, आफ्नो रकम बचत गरेर बचतको उपयोग गरेको, खेतबारी नापजाँच गरेको, बगैँचा वा करेसाबारीमा काम गरेको, खेत जोतेको वा खनेको र सोको विवरण तयार गरेको जस्ता कार्य समावेश गर्न सकिन्छ । त्यस्तै महिनाभरिको घरायसी हिसाब राखेको, आम्दानी र खर्चको पारिवारिक हिसाब राखेको, घरमा हुने निर्माण कार्यको हिसाब राखेको, भाइबहिनीलाई गणित शिक्षण गरेको र सोको विवरण तयार गरेको, सामाजिक कार्य गरेको, विद्यालयमा तल्लो कक्षामा शिक्षण गरेको, सामुदायिक कार्य गरेको जस्ता कार्य पनि समावेश गर्न सकिन्छ । यी बाहेक विद्यालयको परिवेशअनुसार थप कार्यहरू समेत विद्यालयले पहिचान गरी अभिभावकलाई समेत सूचित गरेर अभिभावकको सहयोगमा मूल्याङ्कन गर्नुपर्ने छ । सो मूल्याङ्कनको प्रमाण अभिभावक र विषय शिक्षक दुवैले प्रमाणित गरेको हुनुपर्ने छ । यस्ता धेरै पक्षहरू विद्यार्थी र शिक्षकको आपसी छलफलबाट तय गर्न सकिने छ । आन्तरिक मूल्याङ्कनसम्बन्धी अन्य पक्षहरू आन्तरिक मूल्याङ्कन मार्गदर्शनअनुसार हुने छ ।

| | |
|---|---|
| प्रकाशक : | नेपाल सरकार<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर |
| प्रधान सम्पादक : | श्री इमनारायण श्रेष्ठ |
| सम्पादन मण्डल : | श्री वासुदेव वस्ती, श्री मैया खड्का,<br>श्री रजनी धिमाल, श्री कुलदिप जंग ब. गुरुङ |
| फोन नं. : | ६६३०५८८, ६६३४९१६, |
| फ्याक्स : | ६६३०७९७ |
| अडियो नोटिस बोर्ड : | १६१८०१६६३०७९७ |
| Website : | www.moecdc.gov.np |